**JyotiLife**

सधैं तपाईंको साथ

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

**बैशाख १, २०७९ देखि आषाढ ३२, २०७९ को विवरणः**

**(१) निकायको स्वरुप र प्रकृतिः**

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बीमा ऐन २०४९ बमोजिम जीवन बीमा व्यवसाय गर्न बीमा समितिबाट बीमकको इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

कम्पनी ऐन २०६३, बीमा ऐन २०४९, धितोपत्र ऐन २०६३ तथा प्रचलित ऐन, कानून, नियम बमोजिमका काम कर्तब्य र अधिकारहरु रहेका छन् ।

**(३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

यस कम्पनीमा २०७९ आषाढ मसान्त सम्ममा विभिन्न तह तथा पदमा कुल ४०१ जना कर्मचारीहरु कार्यरत रहेका छन् । ति कर्मचारीहरुले केन्द्रिय कार्यालय स्थित विभिन्न विभाग तथा प्रादेशिक/शाखा/उपशाखा कार्यालयहरु मातहत रहेर तोकिएका कार्यहरु सम्पादन गरिरहेका छन् ।

**(४) निकायबाट प्रदान गरिने सेवाः**

बीमा ऐन २०४९ बमोजिम जीवन बीमा कम्पनीले प्रदान गर्ने सम्पुर्ण सेवाहरु ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस कम्पनीको हाल सम्म केन्द्रिय कार्यालय र ७ वटा प्रादेशिक/क्षेत्रिय कार्यालय सहित १३० वटा शाखा/उपशाखा कार्यालयबाट सेवा प्रदान भै रहेको छ । केन्द्रिय कार्यालयमा हरेक विभागमा विभागिय प्रमुख, प्रादेशिक/क्षेत्रिय कार्यालयमा प्रदेश/क्षेत्रिय प्रमुख र शाखा/उपशाखा कार्यालयका प्रमुखहरुलाई जिम्मेवार अधिकारीको रुपमा कार्य गर्न व्यवस्था मिलाईएको छ । साथै सम्पुर्ण कार्यालयहरु रहेको स्थान, प्रमुखको नाम, सम्पर्क नं. र इमेल ठेगाना यस कम्पनीको वेबसाइट www.jyotilife.com मा अद्यावधिक गरिएको छ ।

**(६) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**

बीमा समितिबाट स्वीकृति लिई यस कम्पनीले जारी गरेका बीमा योजना तथा राइडर सुविधाहरुको लागि बीमित/प्रस्तावकको उमेर तथा पेशाको आधारमा अन्य जोखिम विश्लेषण गरि बीमाशुल्क दर तोकिएको छ र उक्त शुल्कको बारेमा मोबाईल एप तथा वेबसाइटबाट जानकारी लिन सकिनेछ । बीमालेख खरिदको लागि बीमित/प्रस्तावक बाट आवश्यक कागजातहरु प्राप्त भए पश्चात तत्कालै बीमालेख जारी गरिनेछ । र दाबी भुक्तानीको लागि आवश्यक सम्पुर्ण कागजात प्राप्त भएको मितिले बीमा नियमावलि २०४९ मा उल्लेखित म्याद भित्र भुक्तानी गरिने छ ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

बीमालेख जारी गर्ने तथा अन्य सेवा प्रदान गर्न आवश्यक निर्णय लिने सम्बन्धमा तहगत आधारमा कम्पनीका विभागिय प्रमुख लगायत अन्य अधिकारीहरुलाई प्रत्यायोजित अख्तियारी भित्र रही निर्णय गर्न सक्ने व्यवस्था मिलाईको छ । विषयबस्तु तथा कार्य प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत तथा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**(८) निर्णयउपर उजुरी सुन्ने अधिकारीः**

निर्णयउपर चित्त नबुझी उजुरी गर्नु परेमा प्रमुख कार्यकारी अधिकृत समक्ष गुनासो तथा उजुरी दिन सकिनेछ ।

**(९) सम्पादन गरेको कामको विवरणः**

बीमा ऐन २०४९, बीमा नीयमावलि २०४९ एवं बीमा समितिबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम जीवन बीमा कम्पनीले गर्ने सबै कार्यहरु सम्पादन गर्ने गरिएको छ ।

**(१०) सूचना अधिकारी र प्रमुखको नाम र पदः**

| **सूचना अधिकारीकोः** | **प्रमुखकोः** |
|---|---|
| नामः उमेश प्रसाद मैनाली | नामः प्रकाश विक्रम खत्री |
| पदः वरिष्ठ प्रबन्धक | पदः प्रमुख कार्यकारी अधिकृत |

**(११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

बीमा ऐन २०४९, बीमा नियमावली २०४९, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धी ऐन २०६३, मुलुकी देवानी संहिता २०७४, सम्पती शुद्धिकरण निवारण ऐन २०७०, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली २०७३, आयकर ऐन २०५८, सुरक्षित कारोबार ऐन २०६३, श्रम ऐन २०७४, श्रम नियमावली २०७४, बोनस ऐन २०३०, सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायत प्रचलित नेपाल कानुनहरु तथा उपर्युक्त ऐन नियम अन्तर्गत बनेका विनियम, निर्देशिका लगायत बीमा समिति तथा अन्य नियमनकारी निकायबाट जारी सम्पुर्ण निर्देशिकाहरु ।

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

कम्पनीको समग्र आर्थिक कारोबारको विवरण त्रैमासिक रुपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रत्येक त्रयमास समाप्त भएको ३० दिन भित्रमा प्रकाशन गर्ने गरिएको र कम्पनीको वेबसाइटमा समेत राख्ने गरिएको छ । विस्तृत विवरण कम्पनीको वेबसाइट www.jyotilife.com मा हेर्न सकिनेछ ।

**(१३) तोकिए बमोजिमका अन्य विवरणः** नभएको ।

**(१४) अघिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भएमा सो को विवरणः**

आ.व. २०७७/७८ मा तेश्रो वार्षिक साधारण सभा, कर्मचारी तालिम, सेमिनार तथा पुनर्ताजगि कार्यक्रम, अभिकर्ता तालिम तथा सेमिनार, शाखा उपशाखा कार्यालयहरुको प्रगति समिक्षा गोष्ठि लगायतका कार्यक्रमहरु गरिएको थियो ।

**(१५) निकायको वेबसाइट भए सो को विवरणः** www.jyotilife.com

**(१६) निकायले प्राप्त गरेको बैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** नभएको ।

**(१७) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

कम्पनीले गरेका वार्षिक कार्यक्रम लगायत अन्य कार्यक्रमहरुको सम्बन्धमा समय समयमा संचार माध्यमहरुमा प्रेस विज्ञप्ती तथा सूचना जारी गर्ने गरिएको, समग्र कारोबारहरुको सम्बन्धमा वार्षिक प्रतिवेदन र त्रैमासिक वित्तीय विवरण वेबसाइटमा राख्ने गरिएको ।

**(१८) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**

नभएको ।

**(१९) निकायको सूचनाहरु अन्य प्रकाशित भएका वा हुने भएका भए सोको विवरणः**

कम्पनीको त्रैमासिक वित्तीय विवरण, वार्षिक साधारण सभा, अभिकर्ता तालिम कार्यक्रम लगायतका अन्य आवश्यक सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गर्ने गरिएको र उक्त विवरणहरु कम्पनीको वेबसाइट www.jyotilife.com मा समेत राख्ने गरिएको छ ।


**ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ

फोन नं. : ०१-४५४५९४१/४२, पोष्ट बक्स नं. :१९४३३

ई-मेलः info@jyotilife.com, वेबसाइटः www.jyotilife.com